स्थानीय सरकार
बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०८८४६६
☎ ९८५५०७२०७२

प.सं.: २०८२/०८३

## सेवा करारमा अ.न.मी. पदपूर्ति गर्ने सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०८/२६)

ने.सं.११४६ थिंलागा अष्टमी

बागमती गाउँ कार्यपालिकाको मिति २०८२/०८/२५ को निर्णय अनुसार बागमती गाउँपालिका वडा नं. ०१ मा रहेको माझगाउँ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रिक्त रहेको अ.न.मी. पदका लागि तपसिल अनुसार खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक दरखास्त आह्वान गरिएको छ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १. | ११/०८२/०८३ | अ.न.मी. | सहायकस्तर चौथो | १ | ७००/- | |

१. आवश्यक न्यूनतम योग्यताः

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १८ महिने अ.न.मी. कोर्स हासिल गरेको,

ख. सम्बन्धित परिषद्मा दर्ता भएको,

ग. कुनै फौजदारी अभियोग नलागेको,

घ. दरखास्त बुझाउने मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित परिषद्को दर्ता प्रमाणपत्र एवं अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरू उम्मेदवार आफैंले प्रमाणित गरी दरखास्त फाराममा संलग्न गर्नु पर्नेछ।

३. दरखास्त दिने स्थानः बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय झुरझुरे, मकवानपुर।

४. दरखास्त दिने अन्तिम मितिः २०८२/०९/११ गते कार्यालय समय भित्र एवं उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र।

५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः तोकिएको दरखास्त दस्तुर सानिमा बैंक लि. बागमती शाखामा रहेको बागमती गाउँपालिका ग-१-१ आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. परीक्षाको किसिमः संक्षिप्त सूची तथा अन्तर्वार्ता।

७. परीक्षाको मिति पछि प्रकाशन गरिनेछ।

८. करार अवधिः तोकिए बमोजिम हुनेछ।

९. दरखास्त फारामः गाउँपालिकाको वेभसाइट www.bagmatimunmakwanpur.gov.np मा प्राप्त गर्न सकिनेछ। साथै दरखास्त फाराम भरी गाउँपालिकाको Email: bagmatimun.makwanpur@gmail.com मा बुझाउन सकिनेछ।

१०. पारिश्रमिकः प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत